**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012

544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार ४ गते बुधबार ❑ 18 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सरकारले संविधान संशोधनमा ढिलाइ गर्नुहुँदैन : प्रवक्ता डा महत

**पोखरापत्र संवाददाता**

बेनी, ३ असार

नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले सरकारले संविधान संशोधन प्रक्रिया अघि बढाउन ढिलाइ गर्न नहुने बताउनुभएको छ।

नेपाली कांग्रेस म्याग्दीले मंगलबार बेनीमा आयोजना गरेको भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा प्रवक्ता महतले सहमतिअनुसार संविधान संशोधनको प्रक्रिया तत्काल थालनी हुनुपर्नेमा जोड दिनुभयो । एक वर्षअघि नेपाली कांग्रेसको समर्थनमा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन गर्दा दुई दलबीच





भएको सात बुँदे सहमतिअनुसार संविधान संशोधनको काम अघि बढाउनुपर्ने उहाँको भनाइ थियो।

"सहमति बमोजिम काम नहुँदा कांग्रेस र एमाले सत्ताका लागि एक ठाउँमा आए भन्ने सन्देश जनतामा गएको छ," उहाँले भन्नुभयो "कांग्रेस र एमालेको सरकार गठन गर्नुको औचित्य पुष्टि गर्नका लागि पनि सरकारले संविधान संशोधनको प्रक्रिया अघि बढाउन ढिलाइ गर्नुहुदैन् ।" सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटमा केही सुधार गर्ने कोसिस भए पनि अझै ठोस् र स्पष्ट रूपमा आउन नसकेको प्रवक्ता डा महतको भनाइ थियो।

पार्टीको नीति र सिद्धान्त उत्कृष्ट भए पनि व्यक्तिवादी चरित्र हाबी हुँदा केन्द्रदेखि टोलसम्म सङ्गठन कमजोर बनेको उहाँले बताउनुभयो । क्रियाशील सदस्यतालगायतका काम बाँकी रहेकाले कांग्रेसको महाधिवेशन आउने मङ्सिरमा सम्भव नहुने नेता डा महतले बताउनुभयो । कर्मचारीलाई मुद्दा लाग्दैमा भिजिट भिसा मुद्दामा गृहमन्त्री रमेश लेखकले राजीनामा दिन आवश्यक नरहेको उहाँले बताउनुभयो।

## मुस्ताङ प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदै

**पोखरापत्र संवाददाता**

मुस्ताङ, ३ असार

उत्तरदक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडक यातायात सहज भएसँगै हिमाली जिल्ला मुस्ताङ भ्रमण गर्ने पर्यटकको सङ्ख्या बृद्धि भएको छ। कोरला सडकको म्याग्दी र मुस्ताङ खण्डमा अधिकांश सडक कालोपत्र विस्तार भएसँगै मुस्ताङमा पर्यटन आगमनदर वृद्धि हुँदै गएको हो।

जिल्ला धार्मिक तथा पर्यटकीय दृष्टिकोणले नेपालकै प्रमुख गन्तव्यका रूपमा विकास हुँदै गएको छ। मुक्तिनाथ मन्दिर, कागबेनीधाम र दामोदरकुण्ड तीर्थस्थल यहाँको मुख्य धार्मिकस्थलका रूपमा चर्चित छ । यसैगरी उपल्लो मुस्ताङको लोमान्थाङ दरबार, कोरलानाका, ढुम्बाताल, घर गुम्बा, मार्फा, जोमसोम बजार यहाँको पर्यटकीय गन्तव्य हुन्। पृथक भूगोल, प्राकृतिक सौन्दर्यता, जैविक विविधता, प्राचीन गुम्बा तथा मठमन्दिरका साथै यहाँका धार्मिक, सामाजिक, सांस्कृतिक सम्पदाले मुस्ताङ घुम्नैपर्ने मुख्य आर्कषक पर्यटकीय गन्तव्यका रूपमा विकास हुन थालेको छ । जिल्लाका यिनै धार्मिक, सामाजिक, सांस्कृतिक संस्कृतिका साथै यहाँको पृथक प्रकारका भूगोल अवलोकन गर्न स्वदेशी तथा विदेशी पर्यटक भ्रमण गर्न लालायित हुने गरेको पाइएको छ । विगत पाँच वर्षको पर्यटकीय तथ्याङ्क तुलना गर्दा मुस्ताङमा दोब्बरले पर्यटक सङ्ख्या बढेको देखिन्छ । यसैक्रममा आर्थिक वर्ष २०८१/८२ को साउनदेखि जेठसम्मको ११ महिनामा स्वदेशी तथा विदेशी गरी छ लाख



७८ हजार ५३६ जना पर्यटकले मुस्ताङको भ्रमण गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । आव २०८०/८१ मा चार लाख ५४ हजार ३२६ स्वदेशी तथा विदेशी पर्यटकले जिल्ला भ्रमण गरेका थिए। गत वर्षको तुलनामा चालु आवको ११ महिनामा दुई लाख २४ हजार २१० जना अर्थात् ३३ प्रतिशतले पर्यटक बढेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक छिरिङ किप्पा लामाले जानकारी दिनुभयो । उहाँका अनुसार चालु आवको साउनदेखि जेठ मसान्तसम्म स्वदेशी पाँच लाख ३९ हजार ८७२ र विदेशी एक लाख ३८ हजार ६६४ जनाले मुस्ताङ भ्रमण गरेका छन् । गत वर्षको बाह्र महिनामा स्वदेशी तीन लाख ५४ हजार ९२७ र विदेशी ९९ हजार ३९९ जनाले मुस्ताङ भ्रमण गरेका थिए। गत वर्षभन्दा चालु आवको ११ महिनामा स्वदेशी पर्यटक ३४ दशमलव २५ प्रतिशत र विदेशी पर्यटक २८ दशमलव ३१ प्रतिशतले वृद्धि भएको हो। चालु आवको साउनदेखि जेठसम्ममा स्वदेशी पर्यटकतर्फ सबैभन्दा धेरै कात्तिकमा ९९ हजार १७६ र चैतमा ८९ हजार ३४४ जनाले मुस्ताङको भ्रमण गरेको जिल्ला प्रहरीको तथ्याङ्क छ।

यसैगरी विदेशी पर्यटकतर्फ सबैभन्दा धेरै जेठमा २८ हजार ३७२ र वैशाखमा २६ हजार २९ जना विदेशीले मुस्ताङको भ्रमण गरेको प्रहरी नायब उपरीक्षक लामाले बताउनुभयो। मुस्ताङमा अधिकांश पर्यटक मुक्तिनाथ मन्दिरको दर्शनका साथै कागबेनीधाममा दिवङ्गत पितृको नाममा श्राद्ध, पिण्डदान र तर्पण दिन आउने गर्छन् । मुक्तिनाथ दर्शन गर्न आउने स्वदेशी पर्यटकमध्ये एक चौथाइले उपल्लो मुस्ताङ र कोरलानाकाको भ्रमण गरी फर्किने गरेको पाइएको छ। मुस्ताङ भ्रमण गर्न आउने विदेशी पर्यटकमा ८० प्रतिशत भारतीय रहेका छन् । मुक्तिनाथ दर्शन गर्ने उद्देश्यले उल्लेख्य सङ्ख्यामा भारतीय पर्यटक मुस्ताङ आउने गर्छन्। कुल विदेशी पर्यटकको सङ्ख्यामध्ये २० प्रतिशत अन्य मुलुक छन् । यसमा ७२ देशका पर्यटक रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## सडक आश्रित मानवमुक्त अभियानमा प्रतिबद्धता

**पोखरापत्र संवाददाता**

पोखरा, ३ असार

सुन्दरबजार नगरपालिकाले सडक आश्रित मानवमुक्त नगरपालिका निर्माणका लागि प्रतिबद्धता जनाएको छ । 'सडक आश्रित मानवमुक्त राष्ट्र निर्माण अभियान' अन्तरगत मानवसेवा आश्रमले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा नगरपालिकाले सहकार्यको प्रतिबद्धता जनाएको हो।

अन्तरक्रिया कार्यक्रममा मानव सेवा आश्रम लमजुङकी संयोजक अनिता अधिकारीले अभियानमा सुन्दरबजार नगरपालिकाको साथ र सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै प्रस्ताव पेस गर्नुभएको थियो । कार्यक्रममा नगरप्रमुख कृष्णप्रसाद कोइरालाले मानव सेवा आश्रमको उद्देश्य र अभियान मानवताको उच्चतम रूप भएको उल्लेख गर्दै नगरपालिकाको तर्फबाट पूर्ण साथ र सहयोग रहने बताउनुभयो। कार्यक्रममा नगरउपप्रमुख भवानी केसी, प्रमुख प्रशासकीय अधिकृत रमेश घर्ती, वडाध्यक्ष, कार्यपालिका सदस्यहरू लगायतको उपस्थिति थियो । संयोजक अधिकारीले जिल्लाका सबै स्थानीय तहसँग सहकार्य गर्दै सडकमा बस्नेहरूको उद्धार, संरक्षण र पुनःस्थापनाका लागि कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिनुभयो।

## तेस्रो गण्डकी प्रदेश पुरुष टि-२० क्रिकेट : कास्की र नवलपुरको बिजयी सुरूवात

**पोखरापत्र संवाददाता**

पोखरा, ३ असार

तेस्रो गण्डकी प्रदेश पुरुष टि-२० क्रिकेट प्रतियोगिता अन्तर्गत भएको समुह 'बी'को लिग चरणको पहिलो खेलमा कास्की र नवलपुरले बिजयी सुरूवात गरेका छन्।

प्रदेश खेलकुद परिषद गण्डकीको प्रवर्द्धन तथा प्रादेशिक क्रिकेट संघ गण्डकीको आयोजनामा पोखरा रंगशालमा जारी प्रतियोगितामा कास्कीले पर्वतमाथि २० रनको रोमाञ्चक जित हात पारेको छ भने नवलपुरले गोरखा विरुद्ध ९१ रनले बिजयी भयो। जित संगै दुबै टोलीले समुह बी मा २-२ अंक जोड्न सफल भएका छन्। खराव मौसमका कारण छोट्टाइएको १३-१३ ओभरको खेलमा पर्वतले टस जितेर फिल्डिङ रोजेपछि कास्कीले पुरै ओभर खेल्दै ९ विकेटको क्षतीमा १०८ रन बनायो। कास्कीका लागि सफल श्रेष्ठले आक्रामक प्रदर्शन गर्दै २२ बलमा ४ चौका र २ छक्का सहित ४० रन बनाए भने अर्का ओपनर अर्जुन कुमालले १२ बलमा २३ रन जोडे। पर्वतका लागि अमृत गुरुङले ३ ओभरमा २५ रन खर्चेर ३ विकेट लिए भने रोशन गौतमले २ विकेट र राजु थापाले १ विकेट लिए । १०९ रनको लक्ष्य लिएर जवाफी ब्याटिङमा उत्रेको पर्वतले निर्धारित १३ ओभरमा ४ विकेटको क्षतिमा ८८ रन मात्र बनाउन सक्यो। रोशन गौतमले सर्वाधिक ३५ रन बनाए भने सन्देश खड्का र अभिषेक थापाले क्रमशः १२ र १० रनको योगदान दिए । कास्कीका सिब्रिन श्रेष्ठले ३ ओभरमा २० रन खर्चेर २ विकेट लिए भने कृष्ण पौडेल र सुभाष भण्डारीले समान १-१ विकेट झारे। प्लेयर अफ द म्याच कास्कीका सफल श्रेष्ठ घोषित भए। यस्तै आज नै भएको दोस्रो खेलमा टस जितेर पहिले फिल्डिङ रोजेको गोरखाले निर्धारित २० ओभरमा नवलपुरलाई ८ विकेटको क्षतिमा १४३ रनमा रोक्न सफल भयो तर जवाफी ब्याटिङमा आफैं १५.२ ओभरमै ५२ रनमै समेटिँदै ९१ रनले हार ब्यहोरोको छ।

नवलपुरको सुरुआत केही कमजोर रह्यो। सुरुवाती तीन विकेटहरू चाँडै गुमाएपछि टोलीको इनिङ्सलाई रिजन काफ्लेले ३६ बलमा ३७ रन र अपराजित पौडेलले २३ बलको सामना गर्दै २६ रन बनाउँदै पारीलाई सम्हाले। सुदीप अर्याललले १० बलमा २१ रन बनाउँदै तीव्र पारी खेले। नवलपुरले २० ओभरमा ८ विकेट गुमाउँदै १४३ रन बनायो। गोरखाका युनिश थापाले उत्कृष्ट बलिङ गर्दै ४ ओभरमा ३ विकेट लिए भने स्वरुप राज श्रेष्ठ र मेहुल श्रेष्ठले २-२ विकेट लिए।

तर यता गोरखाको ब्याटिङ सुरुदेखि नै कमजोर रह्यो। कप्तान गौरव पौडेल १६ रनमै आउट भए भने अरू कुनै ब्याट्सम्यानले उल्लेखनीय योगदान दिन सकेनन्। सम्पूर्ण टोली १५.२ ओभरमै ५२ रनमा समेटियो। नवलपुरका बलर हरूले उत्कृष्ट प्रदर्शन गरे। स्विकार श्रेष्ठ र कमल परियारले ३-३ विकेट लिए भने अपराजित पौडेलले २ विकेट लिए। कमल म्यान अफ दि म्याच बने।

बुधबार समुह बी अन्तर्गत लिगको खेलमा पर्वतले नवलपुरको सामना गर्नेछ भने गोरखाले कास्कीको सामना गर्नेछ। समुह 'ए'बाट भने स्याङजा फाइनलमा प्रवेश गरिसकेको छ । पोखरा रंगशालास्थित क्रिकेट खेल मैदानमा जारी प्रतियोगिता दुई समूहमा विभाजनमा गरि सञ्चालन भएको छ। समूह 'ए' मा स्याङजा, बाग्लुङ, तनहुँ र म्याग्दी रहँदा समूह 'बी' मा कास्की, नवलपुर, पर्वत र गोरखा रहेका छन् । प्रत्येक दिन दुई खेल हुने गरी तालिका तय गरिएको संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिए। प्रतियोगिताको विजेता टिमले नगद रु १ लाख, उपविजेताले रु ५० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। त्यस्तै, उत्कृष्ट खेलाडीलाई रु ४ हजार, उत्कृष्ट ब्याटर, बलर र उदियमान खेलाडीलाई जनही रु २ हजारसहित ट्रफी प्रदान गरिनेछ । हरेक खेलको 'प्लेयर अफ द म्याच' ले रु १ हजार नगद र ट्रफी प्राप्त गर्ने प्रतियोगिताका संयोजक ऋषीराम गौतमले बताए।


**विपद्‌को पूर्वतयारी गरौं**

- सम्भावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्‌को बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं।

"विपद्‌को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**







पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

**सम्पादकीय**

# सीप सिकेर रोजगारी

देशमा रोजगार नपाएको भन्दै दैनिक ठुलो संख्यामा युवा जनशक्ति विदेश गइरहेका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदेश जानेको लर्को देखिन्छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मा मेला लागे जस्तो विदेश जाने र पुर्याउनेको भिड देखिन्छ। विदेश जाने चलन नयाँ नभएपनि कामको खोजीमा जानेहरु सीप सिकेर भन्दा नसिकी जाँदा ठगिने गरेका छन। रोजगारीका लागि जानेहरुलाई सीप सिकाउनु भन्दा भिजिट भिसामा पठाउने गरिएको छायो श्रृङखला रोकिने भन्दा बढेर गएको छ। सरकार युवालाई रोजगारी दिन भन्दा विदेश पठाउन सकेकोलाई उपलब्धि मान्ने गरेको छातीन तहका सरकारले युवालाई रोजगारी दिनका लागि सीप सिकाउन भन्दा विदेश कसरी पठाउन सकिन्छ भनेर जुक्ति निकाल्न प्रतिस्पर्धा गरिरहेका छन।

सीप सिकाउनुलाई अनावश्यक खर्च भएको ठान्ने मानसिकता छ। कतिपय स्थानीय तहले सीप सिकाउनका लागि केही न केही गरिरहेका छन्। काठमाडौं महानगरपालिकाले काठमाडौंको टुँडिखेलमा सीप मेला आयोजना गरेको छ,'रोजगारी र आयवृद्धि काठमाडौंको समृद्धि' सिप मेलामार्फत एक महिनामै दुई हजार जनाभन्दा बढी युवा जनशक्ति सिपसहितको रोजगार अवसरमा योग्य हुँदै छन्। यो सिप मेलामा कर्मकाण्डदेखि कृत्रिम बौद्धिकतासम्मका तालिममार्फत युवा जनशक्ति स्वदेशमै रोजगार बन्न थालेका छन्।

काठमाडौं महानगरपालिकाले गत जेठ ७ गतेदेखि एक महिने निःशुल्क तालिम दिएर स्वदेशमै स्वरोजगार बनाउने अनि रोजगारी दिने अभियानलाई निरन्तरता दिएको छ। गत वर्षदेखि यो तालिम कार्यक्रम सुरु भएको हो। गत वर्ष दुई हजार ५५५ जनालाई तालिम दिएकोमध्ये ६० प्रतिशतभन्दा बढीले रोजगारीको अवसर प्राप्त गरेको नेपाल तालिम तथा रोजगार व्यवसायी महासङ्घले जनाएको छ। सिपलाई श्रमसँग र श्रमलाई उत्पादनसँग जोड्ने लक्ष्यसहित यो तालिम सञ्चालन भइरहेको छ। १० क्षेत्रका ३७ वटा पेसामा तालिम सञ्चालित छ।

काठमाडौं महानगरपालिका अन्तर्गतको सिप मेला समितिका निर्देशक समिति सदस्य सुदीप ढकालले यो वर्ष दुई हजार ८२ जनालाई तालिम दिने लक्ष्य रहेकामा दुई हजार ५४७ जनाले तालिम लिइरहेको जानकारी दिएका छन्। उनका अनुसार तालिम लिइरहेकामध्ये एक हजार छ सय जनालाई रोजगार सुनिश्चित भइसकेको छ। गत वर्ष नयाँ मेला भएको र बुझ्न आउने धैरै संख्या रहेकामा यो वर्ष तालिमसँगै प्रतिफललाई जोड दिइएको छ। जनशक्तिलाई सिपसँग जोड्ने लक्ष्यसहित सञ्चालन गरिएको मेलाले श्रमिक र रोजगारदाताबिच पुलको काम गरिरहेको बुझाइ महानगरको छातालिममा आवश्यक पर्ने प्रशिक्षक र सामग्री नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ र महानगरले व्यवस्थापन गरिरहेका छन्।

मेलामा सबैभन्दा बढी सुचना प्रविधि क्षेत्रको तालिममा आकर्षित भएका छना यही छोटो अवधिमै गार्मेन्ट, अटोमोबाइल, सौन्दर्य (ब्युटिसियन), फेसन डिजाइनमा सिप सिकेर कतिपय काममा संलग्न भइसकेका छन्। सिप सिकेकाले उद्योगमा गएर थप एक महिना व्यावहारिक तालिम लिन्छ, त्यसबापत नौ हजार उद्योग र नौ हजार महानगरले गरेर १८ हजार रुपियाँसमेत उपलब्ध गराइने भएको छ। ७५ जना सुस्त श्रवणले 'हाउस किपिङ' को तालिम लिइरहेका छन्। यस्तै अटिजम प्रशिक्षकसमेत तयार गरिँदै आएको छ। मेलामा सैद्धान्तिकसँगै प्रयोगात्मक ज्ञान सिकाइएको छ। सिप सिकेनेमा महिला र पुरुष बराबरी छन्। यो मेलाले सिप नभएका व्यक्तिलाई सिपयुक्त बनाउने, सिप भएकाले रोजगारी र स्वरोजगारमा लगाउने तथा रोजगारीमा रहेर पनि सिप नपुगेकाको व्यावसायिक स्तर वृद्धि गराएको महासङ्घले जनाएको छ।

दैनिक चार घण्टाको दरमा तीन वटा सिफ्टमा २५ जनाका दरले तालिम चलिरहेको छ। तालिम लिने क्षेत्रमा आइसिटी क्षेत्रमा डिजिटल मार्केटिङ, ड्रोन, रोबोटिक्स, फाइबर अप्टिक्स टेक्निसियन, बौद्धिक कृत्रिमता (एआई) र यसको प्रयोग एआई एन्ड इट्स एप्लिकेसन रहेका छन्। यस्तै स्पेसल एबिलिटी सपोर्ट स्किल (साउन सिन्ड्रोम, अटिजम) मा हाउस किपिङ र केयर सर्भिस, इलेक्ट्रिक्समा ल्यापटप मर्मत टेक्निसियन, एसी एन्ड रेफ्रिजेरेटर, सिसिटिभी रिपेयरिङ, मोबाइल रिपेयरिङलगायतको तालिम छ। काठमाडौं महानगरपालिकाभित्र स्थायी वा अस्थायी रूपमा बसोबास गर्ने, ल्याण्डफिल साइट प्रभावित क्षेत्रका बासिन्दा, फरक क्षमता भएकालाई प्राथमिकता दिएको छ। यस्तै कामको सिको अन्य महानगर, उपमहानगरपालिका र नगरपालिकाले गरेमा शहर सीप सिकेर रोजगार सृजना गर्ने थलो हुनेछन्।

# शिक्षक, कर्मचारी र विद्यार्थी सङ्ख्या बराबर

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ असार

बेनी नगरपालिका-२ खबराको हंशबाहिनी आधारभूत विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको सङ्ख्या बराबर छ। दुई जना दरबन्दीका शिक्षक, एक/एक बालविकास सहयोगी र कार्यालय सहयोगी रहेको विद्यालयमा विद्यार्थी सङ्ख्या चार छ। कक्षा तीनसम्म पठनपाठनको अनुमति पाएको विद्यालयको कक्षा २ मा एक जना पनि विद्यार्थी छैनन्।

बालकक्षामा दुई, कक्षा १ र ३ मा एक/एक जना विद्यार्थी रहेका प्रधानाध्यापक सरस्वती नेपालीले बताउनुभयो। उहाँका अनुसार गत शैक्षिकसत्रको सुरुमा २२ जना विद्यार्थी रहेकामा बर्खे बिदापछि ११ जनाले विद्यालय परिवर्तन गरेका हुन्। "कक्षा ५ का एक जना उत्तीर्ण भएपछि अर्को विद्यालयमा गएका छन्। विद्यार्थीका अभिभावकले पनि विद्यालय परिवर्तन गराएपछि सङ्ख्या घट्दै गएको हो", उहाँले भन्नुभयो, "अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराउँदै आएका थियौँ। बालबालिकाको सिकाइ उपलब्धिमूलक बनाउन बालकक्षापछि नर्सरी सञ्चालन गरेका थियौँ। समुदायको साथ नपाउँदा विद्यार्थी सङ्ख्या घटेको हो।" विसं २०८० सम्म कक्षा ७ सम्मको पठनपाठन हुँदै आएको विद्यालयमा विद्यार्थी सङ्ख्या ५१ थियो। कक्षा ८ सञ्चालन गर्ने, गणित र विज्ञान विषयको शिक्षक माग गर्दै आएका अभिभावक र बेनी नगरपालिकाका जनप्रतिनिधि सहमति हुन नसकेपछि अभिभावकले विद्यालय परिवर्तन गराएका हंशबाहिनीका शिक्षकले गुनासो गरेका छन्। गत वर्ष विद्यार्थी सङ्ख्या कम भएकाले उक्त विद्यालयलाई कक्षा ८ बाट कक्षा ३ सम्मको पठनपाठन गर्न पाउनेगरी बेनी नगरपालिकाले निर्णय गरेको थियो। यहाँका तीन जना शिक्षकको दरबन्दी अन्यत्र व्यवस्थापन गरिएको प्रअ नेपालीले बताउनुभयो।

विद्यालयको सेवा क्षेत्रमा पर्ने ठूलो र सानो खबरामा १५० घरपरिवारको बसोबास छ। सदरमुकाम बेनी बजार नजिकैको उक्त बस्तीबाट बेनीका दुई निजी विद्यालयमा दुई बस विद्यार्थी आउने शिक्षक हृदयकुमार श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार केही अभिभावकले बेनी सामुदायिक र प्रकाश माविमा पढाउन थालेका छन्। "हंशबाहिनीमा छोराछोरी पढाउनेलाई सामाजिक रूपमा हिंसा गर्न थालेपछि कतिपय अभिभावकले इच्छा नभए पनि बेनी पठाएको पाएका छौँ", शिक्षक श्रेष्ठले भन्नुभयो, "रित्ता कक्षाकोठा रुघेर बस्नुपरेको छ।" सुविधायुक्त खेलमैदान र कक्षाकोठा खाली रहेका उहाँको भनाइ छ।

# रेलेखोला जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारणमा जोडियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ असार

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको लेकगाउँमा निर्माण भएको छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारणमा जोडिएको छ। ह्युम कन्सल्ट प्रालि प्रवर्द्धक रहेको आयोजनाले निर्माण सकेर विद्युत् उत्पादनका लागि आन्तरिक परीक्षण सफल भएपछि विद्युत् उत्पादन सुरु गरेको हो।

आयोजना प्रमुख दार्शनिक काफ्लेका अनुसार आयोजनाले विद्युतगृहमा जडान गरेका मेसिन उपकरण र उत्पादित विद्युतलाई राष्ट्रिय प्रसारणमा जोड्ने प्रसारण लाइनको परीक्षण सफल भएसँगै आयोजनाबाट उत्पादित विद्युत् लाई राष्ट्रिय प्रसारणमा जोडिएको हो। विद्युत् विकास बोर्ड र नेपाल विद्युत प्राधिकरणका प्रतिनिधि तथा ठेकेदार कम्पनीका प्राविधिकद्वारा विद्युतगृहमा टर्वाइनलगायत उपकरणमा विद्युत् उत्पादनको परीक्षण गरी कालीगण्डकी करिडोर प्रसारण लाइनअन्तर्गत दाना सबस्टेशनमार्फत राष्ट्रिय प्रसारणमा जोडिएको हो। "आयोजनाबाट उत्पादित विद्युत् करिब २० दिनका लागि परीक्षणको रूपमा रहने छ, परीक्षण अवधिमा प्राविधिक समस्या नदेखिए व्यावसायिक रूपमा विद्युत् उत्पादन सुरु हुन्छ", आयोजना प्रमुख काफ्लेले भन्नुभयो। विसं २०७७ देखि नै नारच्याङको बैँसीगाउँबाट पहुँचमार्गका लागि सडक खन्न सुरु गरेको यस आयोजनाले २०७९ सालदेखि आयोजनाको भौतिक पूर्वाधार निर्माण सुरु गरेको थियो।यसआयोजनालेनारच्याङको बैँसीगाउँबाट लेकगाउँ हुँदै बाँध र विद्युतगृह निर्माणस्थलसम्म १३ किलोमिटर पहुँचमार्ग बनाएको छ। आयोजनाको पहुँचमार्गबाट लेकगाउँका बासिन्दालाई सडक यातायातको सुविधा पुगेको छ। एक वर्षअघि नै निर्माण सम्पन्न गर्ने लक्ष्य रहे पनि गत वर्षको बाढीले बाँध र इन्टेकमा क्षति पुर्याएपछि आयोजनाबाट ढिला गरी विद्युत् उत्पादन भएको हो। विद्युतगृहमा दुईवटा टर्वाइन जडान गरेर विद्युत् उत्पादन सुरु भएको छ। रेलेखर्कस्थित निर्माण भएको बाँध क्षेत्रमा पानी थिग्र्याउने पोखरी, अण्डर स्वीच, डिसेन्डरको आउटलेट, इन्लेट, फोरवेलगायत पूर्वाधार बनाएर तीन हजार ५०० मिटर लामो पेनस्टक पाइप लाइनमार्फत पानी ल्याएर विद्युतगृहमा खसाली उत्पादन गर्न थालिएको आयोजनाका इलेक्टिकल इञ्जिनियर सुनिलकुमार शाहले जानकारी दिनुभयो। हरिस्याँरामा रहेको विद्युतगृहमा पानी खसाल्ने हेड ५१० मिटर उचाइको छ। विद्युत् गृहबाट दाना सबस्टेशन जोड्ने ३३ केभी क्षमताको चार दशमलव तीन किलोमिटर प्रसारण लाइन निर्माण भएको छ। रु एक अर्ब ३५ करोड वित्तीय व्यवस्थापन गरेर निर्माण भएको यस आयोजनामा हिमालयन बैंक र राष्ट्रिय वाणिज्य बैंकले ७० प्रतिशत ऋण लगानी गरेका छन्। यस आयोजना बनाउन सिभिलतर्फ साकुरा पावर कन्ट्रक्सन, हाइड्रो मेकानिकलतर्फ वर्कसप इञ्जिनियरिङ सर्भिसेस प्रालि र इलेक्टोमेकानिकलतर्फ फेलोभेल इनर्जी प्रालि इन्डियाले ठेक्का लिएका थिए। अक्करे भिर पहाडलाई छिचोलेर पहुँचमार्ग बनाउनुपरेको र बाढीपहिरोलगायत प्राकृतिक विपत्तिको सामना गर्दै आयोजनाले निर्माण सकेर विद्युत् उत्पादन सुरु गरेको आयोजनाका जनसम्पर्क अधिकृत होमनाथ पाण्डेले बताउनुभयो। नारच्याङमा यसअघि एक सय १० मेगावाट क्षमताको नीलगिरि एक र निलगिरि क्यासेट, पाँच मेगावाट क्षमताको घलेम्दीखोला र ४२ मेगावाट क्षमताको मिस्त्रीखोला जलविद्युत् निर्माण सम्पन्न भएर राष्ट्रिय प्रसारणमा जोडिसकेको छ।

# लोकभजन पुस्तान्तरण गरिँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ असार

विसं २०७४ अघि बागलुङमा भजन समूह गठन थिएनन्। गाउँमा परम्परागत तरिकाले पूजाआजामा मात्रै सीमित भजनमा पुस्तान्तरणको अभाव थियो। लोकभजन र चुट्का लोप हुन थालेपछि यहाँ भजन संरक्षणमा चासो देखाउँदै राष्ट्रिय रूपमा जिल्लाको कला, संस्कृति चिनाउन नयाँ पुस्ता सफल भएका छन्।

भजन प्रतियोगिता गर्ने, पुस्तान्तरण गर्न तालिम प्रदान गर्ने तथा धार्मिक संस्थामा भजन समिति गठनले भजन संरक्षणमा टेवा पुर्याएको छ। विसं २०७४ देखि गठन थालिएको भजन समिति जिल्लाभर ४७ वटा पुगेका जिल्लास्तरीय लोकभजन चुट्का समितिले जनाएको छ। सुरुमा भजनको संरक्षणका लागि जैमिनी भजन सङ्कीर्तन समूह स्थापना भएको थियो। विसं २०७८ मा जिल्ला भजन समिति गठन भएपछि भजनको गतिविधि बढेको हो। जिल्लामा ४७ वटा भजन समूह स्थापना भएर सक्रिय भइसकेका जिल्ला भजन समितिका अध्यक्ष टेकबहादुर केसीले जानकारी दिनुभयो। जिल्लास्तरीय भजन समिति गठन भएपछि धार्मिक प्रतिष्ठान तथा मठमन्दिरअनुसारका समूह गठन गर्ने, आपसी सहयोग बढाउने, वाद्यवादनका सामग्री खरिद गर्ने, अनुभव आदानप्रदान गर्ने र व्यावसायिक रूपमा भजन गाउने कामको थालनी गरिएको उहाँको भनाइ छ। पछिल्लो समय लोप हुने खतरा बढेपछि लोकभजन चुट्का संरक्षणका लागि यहाँका भजनप्रेमी सङ्गठित भएर लागेका हुन्। लोकभजन चुट्का संरक्षणका लागि यहाँका भजनप्रेमीले सङ्गठन विस्तारदेखि भजन प्रशिक्षण गर्दै पुस्तान्तरणको प्रयास थालेका छन्। "भजनको धैरै विधा र ताल छन्, अहिले औपचारिक मेला महोत्सवमा भजनकीर्तन गर्ने र भजनको लयमा नाटक देखाउने गरिएको छ", केसीले भन्नुभयो, "सनातन हिन्दूधर्म, पूर्वीय दर्शनमा आधारित संस्कार र संकृतिका रूपमा रहेको लोकभजन संरक्षणका लागि यहाँका युवा सक्रिय छन् भने भजन प्रेमीले सहयोग गरिरहेका छन्, अहिले वाद्यवादनका सामग्री सहयोगबाट जुटाइएको छ, भजनलाई संस्थागत गरेपछि पुस्तान्तरणमा सहयोग पुगेको।" विसं २०७६ मा कालिका भगवती गुठीले लोकभजनको संरक्षण तथा पुस्तान्तरणका लागि १५ दिने भजन प्रशिक्षण गरेको कालिका गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो।

# आँधीमूलमा पर्यटकीय पूर्वाधार निर्माण

**पोखरापत्र संवाददाता**
दमौली, ३ असार

पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले जिल्लाको आँबुखैरेनी गाउँपालिका-१ याज्चोकस्थित आँधीमूलमा पर्यटकीय पूर्वाधार निर्माण गरिएको छ। यस ठाउँलाई धार्मिक पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्यसहित पूर्वाधार निर्माण गरिएको हो।

यहाँ कृत्रिम ताल, पैदलमार्ग, दृश्यावलोकन केन्द्र, टहराअसलगायत संरचना निर्माण गरिएको छ। आँधीमूललाई सौन्दर्यकरणका लागि रु एक करोड ५० लाख खर्च भएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो। उहाँले यहाँ मूलको पानी जम्मा गरेर कृत्रिम ताल निर्माण गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "ताल निर्माण सकिएको छ। तालमा डुङ्गा शयर गर्न मिल्नेगरी व्यवस्थापन गरेका छौँ।" आँधीमूलमा प्रसिद्ध मन्दिर रहेकाले धार्मिक पर्यटनलाई जोडेर पर्यटकीय गतिविधि सञ्चालन गर्ने लक्ष्य लिइएको चुमानको भनाइ छ। उहाँले भन्नुभयो, "आँधीमूल आफैँमा प्रसिद्ध धार्मिकस्थल हो। यहाँ विभिन्न ठाउँबाट धार्मिक पर्यटक आउनुहुन्छ। धार्मिक पर्यटनलाई जोडेर पर्यटन प्रवर्द्धनको प्रयास थालेका हौँ।" यहाँ १५ रोपनी क्षेत्रफलमा कृत्रिम ताल निर्माण गरिएको छ। ताल निर्माणका लागि चालु आर्थिक वर्षमा रु ४० लाख बजेट विनियोजन गरिएको जनाउँदै अध्यक्ष चुमानले ताल निर्माणपश्चात् पानीमा सञ्चालन गर्न सकिने पर्यटकीय क्रियाकलाप सुरु गर्ने लक्ष्य रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "यहाँ अन्य पर्यटकीय पूर्वाधार पनि बनाउँदै जानेछौँ। तालबाट विद्युत् उत्पादनको लक्ष्य लिइएको छ।" उहाँका अनुसार विद्युत् उत्पादनका लागि निजी क्षेत्रसँग साझेदारी गरी काम गर्ने योजना बनाइएको छ। आँधीमूल व्यवस्थापन समितिका अध्यक्ष हिमाल थापाका अनुसार पछिल्लो समय यहाँ आन्तरिक पर्यटकको आकर्षण बढ्दै गएको छ। यहाँ रहेको मन्दिरमा पूजाआजा तथा घुम्न विभिन्न ठाउँबाट पर्यटक आउने गरेका उहाँले बताउनुभयो। समितिका अध्यक्षका अनुसार मन्दिर परिसरमा रहेको पोखरीमा जलदेवताको रूपमा विश्वास गरिने माछा छन्। पोखरीको माछा मरेमा अनिवार्य रूपमा काजकिरिया गर्नुपर्ने संस्कार र प्रचलन रहिआएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार पोखरीका माछा मरेमा पूजारीले निकाली खाल्डो खनेर अन्त्येष्टि गरिँदै आइएको छ। प्राचीनकालदेखि यहाँस्थित रुखको फेदमा आँधीमूल बाराहीको पूजा गरिँदै आइएकामा विसं २०३५ मा स्थानीय पाकुली परियारको विशेष सक्रियतामा मन्दिर निर्माण गरिएको थियो। परापूर्वकालदेखि हरिबोधनी एकादशीका दिन फूलको डोली यहाँ विसर्जन गरिनुका साथै मन्दिर परिसरमा तोरण टाँग्ने परम्परा चलिआएको समितिका अध्यक्ष थापाले जानकारी दिनुभयो। उहाँका अनुसार जल, जङ्गल, जमिनलाई पूँजा गर्दै आएका स्थानीय मगर समुदायले खेतबारीमा बाली लगाउने र भित्र्याउने समयमा यस मन्दिरमा पूजाआजा गर्दछन्। यहाँ दर्शन गरेमा मनले चिताएको पुग्ने जनविश्वासका कारण पछिल्ला वर्षमा देशका विभिन्न भागबाट दर्शनार्थी आउने गरेका समितिका अध्यक्षले बताउनुभयो। पृथ्वीराजमार्गबाट नजिकै रहेकाले यस ठाउँ पछिल्लो समय आन्तरिक धार्मिक पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास हुन थालेको उहाँको भनाइ छ। यहाँ पुग्ने सडक कालोपत्र गरिएको गाउँपालिका कार्यालयले जनाएको छ। पृथ्वीराजमार्गको दुई किलोमिटरको दूरीमा आँधीमूल पर्दछ। हालसम्म नौ सय मिटर दूरीमा कालोपत्र सम्पन्न भएको गाउँपालिकाका अध्यक्ष चुमालले जानकारी दिनुभयो। यहाँ मन्दिर, २३ धारालगायत संरचना रहेका भन्दै धार्मिक पर्यटक ती संरचना र सुन्दरताका कारण आकर्षित हुने गरेका उहाँले बताउनुभयो। आँधीमूलमा ठूलो एकादशीका दिन विशेष मेला लाग्ने गर्दछ। यसस्थल रमणीय भएकाले पूजार्चनाका साथै वनभोजका लागि आन्तरिक पर्यटक आउने गरेका जनाउँदै अध्यक्ष चुमालले मन्दिरमा साउन र औँसीबाहेक सबै दिनमा पूजा हुने बताउनुभयो। उहाँका अनुसार आँधीमूल देवीको मन्दिरमा परेवा उडाउने, बोका र कुखुरालाई बलि दिने प्रचलन छ। प्यागोडाशैलीको मन्दिर, पार्क, दुई पोखरी र माछाको आकृतिका २३ वटा धारालगायत संरचना रहेको आँधीमूलमा दर्शन गरेमा मनले चिताएको पुग्ने जनविश्वासका कारण तनहुँ, कास्की, स्याङजालगायत विभिन्न स्थानबाट दर्शनार्थी आउने गरेका छन्।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : आर्थिक समस्या |
| सिंह | : मानसिक तनाव | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ८ मा अवस्थित जनप्रिय बहुमुखी क्याम्पस भित्र टाईल तथा पेभिङ कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : जनप्रिय बहुमुखी क्याम्पस भित्र टाईल तथा पेभिङ निर्माण कार्य
उपभोक्ता समितिको नाम: जनप्रिय बहुमुखी क्याम्पस भित्र टाईल तथा पेभिङ निर्माण उपभोक्ता समिति, पोखरा-८, कास्की
योजना सुरु मिति : २०८१/१२/३१ गते
योजना सम्पन्न भएको मिति : २०८२/०२/२५ गते
महानगरपालिकाबाट प्राप्त : १०,००,०००/-
जनसहभागिता : १,७६,०००/-
लागत इस्टिमेट : ११,७६,०००/-
योजनाको कुल लागत : १०,८६,८८५/-

रंगिला आचार्य
अध्यक्ष
जनप्रिय बहुमुखी क्याम्पस भित्र टाईल तथा पेभिङ निर्माण
उपभोक्ता समिति, पोखरा -८, कास्की

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ८ रत्नचोक देखि मिलन पार्कसम्म फुटपाथ तथा पेभिङ निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।
योजनाको नाम : रत्नचोकदेखि मिलन पार्कसम्म फुटपाथ तथा पेभिङ निर्माण
उपभोक्ता समितिको नाम: रत्नचोक देखि मिलन पार्कसम्म फुटपाथ तथा पेभिङ निर्माण उपभोक्ता समिति, पोखरा-८, कास्की
योजना सम्झौता मिति : २०८१/१०/०६ गते
योजना सुरु मिति : २०८१/१०/०७ गते
योजना सम्पन्न भएको मिति : २०८२/०२/३० गते
महानगरपालिकाबाट प्राप्त : २७,००,०००/-
जनसहभागिता : ४,७६,४७०/-
योजनाको कुल लागत : ३१,३२,७८१/-

अन्जु कुमारी चालिसे तिमल्सेना
अध्यक्ष
रत्नचोकदेखि मिलन पार्कसम्म फुटपाथ तथा पेभिङ निर्माण
उपभोक्ता समिति, पोखरा-८, कास्की

# लगानी प्रवर्द्धन गर्न कर छुटको घोषणा

-राम थापा
गण्डकी, ३ असार/रासस

दुई सयभन्दा बढीलाई रोजगारी दिने उत्पादनमूलक उद्योग तथा व्यवसायलाई गण्डकी प्रदेश सरकारले करमा ७५ प्रतिशत छुट दिने भएको छ । आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले आइतबार प्रदेशसभा बैठकमा प्रस्तुत गर्नुभएको आगामी आव २०८२/८३ को बजेटमा उक्त घोषणा गरिएको हो ।

कृषि, पर्यटन, ऊर्जा र वन तथा खानीजन्य उद्योगमा बाह्य लगानी आकर्षित गरी रोजगारी सिर्जना र गरिबी निवारणमा जोड दिइएको आर्थिक मामिलामन्त्री डा गुरुङले बताउनुभयो । लगानी प्रवर्द्धनका लागि कर छुटलगायत योजना ल्याइएको उहाँको भनाइ छ । सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माणका लागि हस्तक्षेपकारी कार्यक्रमका रूपमा 'इनभेष्ट गण्डकी' सञ्चालन गरिने बजेटमा उल्लेख छ ।

आगामी आवको राजस्व नीतिले पनि आर्थिक क्रियाकलाप विस्तार, लगानी प्रवर्द्धन, उत्पादन तथा उद्यमशीलतालाई प्राथमिकता दिएको छ । आर्थिक गतिविधि बढ्ने गरी राजस्व नीति प्रस्ताव गरिएको आर्थिक मामिलामन्त्री डा गुरुङले बताउनुभयो । प्रदेश सरकारले अहिलेसम्म आन्तरिक ऋण परिचालन गर्न नसकेकामा सोका लागि आगामी आवदेखि कानुनी र संस्थागत व्यवस्था गरिने भएको छ ।

आन्तरिक ऋण उत्पादनमूलक, रोजगारी सिर्जना गर्ने र उच्च प्रतिफलयुक्त योजनामा मात्र खर्च गरिनेछ । कर छुट गर्दा कम हुने आन्तरिक राजस्वलाई अन्य क्षेत्रमा राजस्वको दायरा थप गरी पूर्ति गरिने बजेटमा उल्लेख छ । घरजग्गा दर्ता शुल्कमा दिइँदै आएको राजस्व छुटलाई आगामी आवमा पनि निरन्तरता दिइएको छ । मालपोत कार्यालयबाट मानो जोडिएको र छुट्टिएकामा लाग्ने लिखतबापतको शुल्क समायोजन गरिएको छ । जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँट भई दाखिल खारेज गर्दा सेवा शुल्क नलाग्ने व्यवस्था गरिएको छ । भाडामा सञ्चालन हुने बस, मिनीबस तथा माइक्रोबस चढ्दा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई छुट दिएबापत त्यस्ता सवारीसाधनका धनीलाई सवारीसाधन करमा ६० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ । प्रादेशिक अर्थतन्त्रमा निजीक्षेत्रको भूमिकालाई महत्व दिँदै सार्वजनिक-निजी साझेदारीमार्फत लगानी प्रवर्द्धनमा जोड दिइएको आर्थिक मामिलामन्त्री डा गुरुङले बताउनुभयो ।

'आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी'को लक्ष्य पूरा गर्न दोस्रो पञ्चवर्षीय योजनामा आधारित उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी सिर्जना र प्रदेशको समग्र विकासमा बजेटले जोड दिएको उहाँको भनाइ छ । प्रदेश सरकारले चालु आवमा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा चार दशमलव ८८ प्रतिशत र उपभोक्ता मूल्यमा पाँच दशमलव ५१ प्रतिशत हुने अनुमान गरेको छ । गत आवमा आर्थिक वृद्धिदर क्रमशः तीन दशमलव ७८ प्रतिशत र चार दशमलव नौ प्रतिशत थियो ।

प्रदेश सरकारले आगामी आवका लागि चालुतर्फ रु १२ अर्ब ६३ करोड ६६ लाख ७५ हजार र पुँजीगततर्फ रु १९ अर्ब नौ करोड ३३ लाख २४ हजार गरी कुल रु ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजारको बजेट सार्वजनिक गरेको छ । जुन चालु आवको तुलनमा रु एक अर्ब कम हो ।

# टोलटोलमा पुगेर स्वास्थ्य सेवा

पोखरापत्र संवाददाता
पोखरा, ३ असार

कास्कीको पोखरा महानगरपालिकाले 'घरघरमा स्वास्थ्य कार्यक्रम' अन्तर्गत ज्येष्ठ, अशक्त र असहाय नागरिकका लागि नसर्ने रोगको निःशुल्क स्क्रिनिङ तथा परामर्श सेवा सुरु गरेको छ ।

महानगरको स्वास्थ्य महाशाखाको आयोजना र सहरी स्वास्थ्यप्रवर्द्धनकेन्द्रकोसमन्वयमा पोखरा-८ सिमलचौरबाट सुरु भएको उक्त कार्यक्रम अन्य वडा तथा टोलमा पनि सञ्चालन हुने जनाइएको छ ।

केन्द्रका प्रमुख कुशमराज सुवेदीले ज्येष्ठ तथा अशक्त नागरिकलाई घरदैलोमा पुगेर स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले उक्त घुम्ती अभियान सुरु गरिएको बताउनुभयो । नसर्ने रोगको स्क्रिनिङसँगै महिलालाई प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना तथा स्वास्थ्य जाँच, मनोरोग, सरुवा रोग तथा अन्य दीर्घरोगसम्बन्धी जानकारी दिने गरिएको उहाँले उल्लेख गर्नुभयो । उहाँका अनुसार यही असार ७ गतेसम्म वडाका १७ वटा टोलमा घुम्ती शिविर सञ्चालन हुनेछ ।




वडा नं ८ मा आइतबार र सोमबार सञ्चालित शिविरबाट ३०० भन्दा बढी लाभान्वित भएका छन् । "ज्येष्ठ र अशक्त नागरिकलाई टोलटोलमा पुगेर स्वास्थ्य जाँच, उपचार र परामर्श प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिएको हो", प्रमुख सुवेदीले भन्नुभयो, "विशेषगरी नसर्ने रोगबाट प्रभावित नागरिकलाई जाँचसँगै औषधि नियमित सेवन गरे/नगरेका अनुगमन गर्छौं, सरकारले सूचीकृत गरेका औषधि निःशुल्क वितरण गर्छौं ।" उहाँले समुदायस्तरमा स्वास्थ्य सचेतना र प्रवर्द्धनका कार्यक्रम पनि सँगसँगै गरिरहेको गरिएको बताउनुभयो । स्वास्थ्य जाँचका क्रममा अस्पताल जानुपर्ने अवस्थाका बिरामी पहिचान भएमा सोहीअनुसारको सल्लाह र परामर्श दिने गरिएको छ । वडा नं ८ सहित महानगरका अन्य वडामा पनि ज्येष्ठ तथा अशक्त नागरिकका लागि नसर्ने रोगको स्क्रिनिङ तथा परामर्श सेवा प्रदान गर्ने योजना रहेको स्वास्थ्य महाशाखाले जनाएको छ । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले नगरवासीको स्वास्थ्यप्रति महानगरका प्रतिबद्ध रहेको जनाउँदै सबै वडा र टोलमा घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिने बजानकारी दिनुभयो । महानगरले गत वर्ष वडा नं २५ हेम्जामा 'नागरिक आरोग्य कार्यक्रम' सञ्चालन गरी घरघरमा ज्येष्ठ, अशक्त र असहाय नागरिकलाई निःशुल्क स्वास्थ्य जाँच, परामर्श तथा उपचार सेवा प्रदान गरेको थियो ।

# नारच्याङको लेकगाउँमा 'एक घर, एक धारा' खानेपानी विस्तार

रासस
म्याग्दी, ३ असार

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको लेकगाउँमा 'एक घर, एक धारा' खानेपानी विस्तार भएको छ । लेकगाउँ खानेपानी तथा सरसफाइ आयोजनामार्फत गाउँका ८६ घरधुरी, एक विद्यालय र दुई सामुदायिक भवनमा शुद्ध खानेपानीको पहुँच विस्तार गरिएको हो ।

लेक गाउँ खानेपानी आयोजना सम्पन्न भएसँगै सबै घरमा शुद्ध खानेपानीको सुविधा पुगेको निर्माण उपभोक्ता समितिका अध्यक्ष सोमबहादुर रञ्जितले बताउनुभयो । "घरघरमा निर्माण भएका धाराबाट पानी खस्न थालेको छ, मुहानदेखि ट्याङ्की हुँदै धाराका पूर्वाधार बनाउँदा पानी सुरक्षालाई ध्यान दिइएको छ, घरघरमा खानेपानीको सुविधाले स्थानीयवासीलाई सहज भएको छ", अध्यक्ष रञ्जितले भन्नुभयो । गोर्खा वेल्फेयर ट्रष्टको आर्थिक तथा प्राविधिक सहयोग र समुदायको श्रमदानबाट लेकगाउँमा खानेपानी आयोजना निर्माण भएको हो । गत चैत २९ गतेदेखि निर्माण सुरू भएको यस आयोजना दुई महिनामै निर्माण सम्पन्न भएको गोर्खा वेल्फेयर ट्रष्टका नारच्याङ खानेपानी आयोजना प्रमुख सन्तापसिंह राईले जानकारी दिनुभयो । उहाँका अनुसार, खानेपानी आयोजना निर्माणका लागि ट्रष्टको रु ५० लाख ५४ हजार तीन सय चार र स्थानीयवासीको १० लाख ९२ हजार आठ सय बराबरको श्रमदान गरी कूल रु ६१ लाख ४७ हजार एक सय चार लगानी भएको छ । आयोजनाले इन्टेक, कलेक्सन च्याम्बर, बिपिटी, आरबिटी, वितरण च्याम्बरलगायत पूर्वाधारसँगै मुख्य र वितरण पाइपलाइनमार्फत घरघरमा धारा निर्माण गरेर खानेपानी वितरण सुरू गरेको छ ।

आयोजनाले स्थानीय क्रान्ति आधारभूत विद्यालयमा खानेपानीको धारासँगै अपाङ्गमैत्री शौचालय निर्माण गरिदिएको छ । नेपाल सरकारले लागू गरेको खानेपानी सुरक्षा योजनालाई पूर्णरूपमा पालना गरी मुहानदेखि नै खानेपानी योजनाका पूर्वाधारलाई सुरक्षित, व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास गरिएको आयोजनाका इन्जिनियर उत्तमलाल श्रेष्ठले जानकारी दिनुभयो । "हामीले खानेपानी आयोजना बनाउने मात्रै होइन, उपभोक्तालाई सुरक्षित र स्वच्छ खानेपानी दिनुपर्छ भन्ने मान्यता अनुरूप पूर्वाधार निर्माणमा गुणस्तरीयता र आयोजनाको सुरक्षालाई ध्यान दिएका छौँ", उहाँले भन्नुभयो । यस आयोजनाको मूलमा बाढीले असर नगर्ने प्रविधिलाई प्रयोग गरिएको छ भने पानी ट्याङ्कीहरूमा बाहिरबाट कुनै पनि फोहरभित्र पस्न नसक्ने गरी सावधानी अपनाइएको छ ।

आयोजना निर्माण सुरू भएको दुई महिनाको अवधिमै सम्पन्न भई धाराबाट पानी आउन थालेपछि स्थानीयवासी उत्साहित भएका छन् । गाउँको शिरानमा रहेको पानीखाना मूलबाट पानी ल्याएर १० हजार र छ हजार लिटरका दुई वटा पानी सङ्कलन ट्याङ्की निर्माण गरेर घरघरमा पानी वितरणको व्यवस्था मिलाइएको आयोजनाका सुपरभाइजर जमुना जिरेलले जानकारी दिनुभयो ।

यस आयोजनामा खानेपानीमा शुद्धता कायम गर्न मूल र पानी ट्याङ्कीहरूको संरक्षण गरिएको छ । योजनाको दीगोपनाका लागि स्थानीय उपभोक्तालाई निर्माण कार्यमा परिचालन गर्नुका साथै मर्मत सम्भार तालिम प्रदान गरिएको छ ।

# लोकभजन पुस्तान्तरण गरिँदै

पोखरापत्र संवाददाता
मुस्ताङ, ३ असार

विसं २०७४ अघि बागलुङमा भजन समूह गठन थिएनन् । गाउँमा परम्परागत तरिकाले पूजाआजामा मात्रै सीमित भजनमा पुस्तान्तरणको अभाव थियो । लोकभजन र चुट्का लोप हुन थालेपछि यहाँ भजन संरक्षणमा चासो देखाउँदै राष्ट्रिय रूपमा जिल्लाको कला, संस्कृति चिनाउन नयाँ पुस्ता सफल भएका छन् ।

भजन प्रतियोगिता गर्ने, पुस्तान्तरण गर्न तालिम प्रदान गर्ने तथा धार्मिक संस्थामा भजन समिति गठनले भजन संरक्षणमा टेवा पुऱ्याएको छ । विसं २०७४ देखि गठन थालिएको भजन समिति जिल्लाभर ४७ वटा पुगेका जिल्लास्तरीय लोकभजन चुट्का समितिले जनाएको छ ।

सुरुमा भजनको संरक्षणका लागि जैमिनी भजन सङ्कीर्तन समूह स्थापना भएको थियो । विसं २०७८ मा जिल्ला भजन समिति गठन भएपछि भजनको गतिविधि बढेको हो । जिल्लामा ४७ वटा भजन समूह स्थापना भएर सक्रिय भइसकेका जिल्ला भजन समितिका अध्यक्ष टेकबहादुर केसीले जानकारी दिनुभयो । जिल्लास्तरीय भजन समिति गठन भएपछि धार्मिक प्रतिष्ठान तथा मठमन्दिरअनुसारका समूह गठन गर्ने, आपसी सहयोग बढाउने, वाद्यवादनका सामग्री खरिद गर्ने, अनुभव आदानप्रदान गर्ने र व्यावसायिक रूपमा भजन गाउने कामको थालनी गरिएको उहाँको भनाइ छ ।

पछिल्लो समय लोप हुने खतरा बढेपछि लोकभजन चुट्का संरक्षणका लागि यहाँका भजनप्रेमी सङ्गठित भए लागेका हुन् । लोकभजन चुट्का संरक्षणका लागि यहाँका भजनप्रेमीले सङ्गठन विस्तारदेखि भजन प्रशिक्षण गर्दै पुस्तान्तरणको प्रयास थालेका छन् । "भजनको धेरै विधा र ताल छन्, अहिले औपचारिक मेला महोत्सवमा भजनकीर्तन गर्ने र भजनको लयमा नाटक देखाउने गरिएको छ", केसीले भन्नुभयो, "सनातन हिन्दूधर्म, पूर्वीय दर्शनमा आधारित संस्कार र संकृतिका रूपमा रहेको लोकभजन संरक्षणका लागि यहाँका युवा सत्रिलय छन् भने भजन प्रेमीले सहयोग गरिरहेका छन्, अहिले वाद्यवादनका सामग्री सहयोगबाट जुटाइएको छ, भजनलाई संस्थागत गरेपछि पुस्तान्तरणमा सहयोग पुग्नेछ ।" विसं २०७६ मा कालिका भगवती गुठीले लोकभजनको संरक्षण तथा पुस्तान्तरणका लागि १५ दिने भजन प्रशिक्षण गरेको कालिका गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो । त्यसयता स्थानीय तहले मादल बजाउने तालिम प्रदान गरिरहेका छन् ।

# मुस्ताङमा स्याउ बगैंचाभित्र जौ खेती : दोहोरो आम्दानी

पोखरापत्र संवाददाता
मुस्ताङ, ३ असार

मुस्ताङका किसानले स्याउको बगैँचाभित्र अन्तरबाली लगाएर दोहोरो आम्दानी लिने गरेका छन् । यहाँका किसानले स्याउ बगैँचाभित्र विभिन्न खाद्यान्न तथा तरकारीबाली उत्पादन गरेर दोहोरो आम्दानी गर्ने गरेको शीतोष्ण बागवानी विकास केन्द्र मार्फाले जनाएको छ ।

यहाँको घरपझोङ, वारागुङ मुक्तिक्षेत्र र थासाङ गाउँपालिकाका किसानले स्याउ बगैँचाभित्र विभिन्न खाद्यान्नबाली तथा तरकारीबाली उत्पादन गरी दोहोरो आम्दानी लिने गरेको केन्द्रका प्रमुख पद्मनाथ आत्रेयले जानकारी दिनुभयो । किसानले स्याउ बगैँचाभित्र उवा, जौ, मकै, फापर, आलु, सिमी, बोडी, बन्दा, काउली, गोलभेडा, खुर्सानीलगायतका हरियो सागसब्जी उत्पादन गर्ने प्रचलन रहेको उहाँले बताउनुभयो ।

जिल्लामा उत्पादन हुने स्याउ पतझड फलफूल हो । असोज/कात्तिकमा बगैँचाबाट स्याउ टिपिसकेपछि पात झरेर फागुन महिनासम्म स्याउको बोट उजाड हुने प्रमुख आत्रेयको भनाइ छ । यसप्रकारका स्याउ बोटमा पात झर्ने भएकाले स्याउ बगैँचामा अन्तरबाली खेती उपयुक्त रहेको प्रमुख आत्रेय बताउनुहुन्छ । स्थानीय जातका स्याउ बगैँचामा अन्तरबाली लगाउन मिल्ने भए पनि उच्च घनत्वको हाइब्रिड स्याउ बगैँचामा भने अन्तरबाली लगाउन उपयुक्त नहुने उहाँको भनाइ छ । पुरानो जातको स्याउ बगैँचामा बोटको दूरी पाँच/छ मिटरको फरकमा हुने भएकाले त्यसको फरकमा विभिन्न खाद्यान्नबाली तथा तरकारीबाली उत्पादन गर्दा राम्रो हुने र यसले किसानलाई पनि दोहोरो फाइदा पुग्ने उहाँ बताउनुहुन्छ । उपयुक्त ढङ्गले योजनाबद्ध रूपमा स्याउ बगैँचामा अन्तरबाली खेती गर्न सकेमा स्याउको भन्दा दोब्बर तेब्बर आम्दानी गर्न सकिने शीतोष्ण बागबानी विकास केन्द्रका प्रमुख आत्रेयले दाबी गर्नुभयो ।

स्याउको जरालाई असर पर्ने गरी अन्तरबाली लगाउँदा स्याउ बोटलाई क्षति पुऱ्याउन सक्ने र स्याउ बगैँचाभित्र अन्तरबाली लगाउँदा थप मलखादको व्यवस्था र पर्याप्त सिँचाइको सुविधा हुन आवश्यक छ । यसका साथसाथै नियमित रुपमा बगैँचा निरीक्षण गरी रोग कीराको व्यवस्थापनमा पनि विशेष ध्यान दिनुपर्दछ । मुस्ताङको घरपझोङ गाउँपालिका- ४ का किसान अजित थकालीले स्याउ बगैँचाभित्र अन्तरबाली लगाएर मुस्ताङका किसानले दोहोरो आम्दानी लिने गरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "जिल्लामा खेतीयोग्य जमिन एकदमै न्यून छ, किसानले चाहेर पनि कृषि प्रणाली बृहत बनाउन सक्ने अवस्था छैन । उपलब्ध जग्गा उपयोग गरी स्याउ उत्पादनसँगै विभिन्न रैथाने खाद्यबाली र तरकारी लगाउने गरेका छन् ।"


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ८ मा अवस्थित जनप्रिय बहुमुखी क्याम्पस भित्र टाईल तथा पेविङ कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : जनप्रिय बहुमुखी क्याम्पस भित्र टाईल तथा पेविङ निर्माण कार्य
उपभोक्ता समितिको नामः जनप्रिय बहुमुखी क्याम्पस भित्र टाईल तथा पेविङ निर्माण उपभोक्ता समिति, पोखरा-८, कास्की
योजना सुरु मिति : २०८१/१२/३१ गते
योजना सम्पन्न भएको मिति : २०८२/०२/२५ गते
महानगरपालिकाबाट प्राप्त : १०,००,०००/-
जनसहभागिता : १,७६,०००/-
लागत इस्टिमेट : ११,७६,०००/-
योजनाको कुल लागत : १०,८६,८८५/-

**रंगिला आचार्य**
**अध्यक्ष**
**जनप्रिय बहुमुखी क्याम्पस भित्र टाईल तथा पेविङ निर्माण उपभोक्ता समिति, पोखरा -८, कास्की**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ अधेंरी डहरदेखि मणिदिप सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः अधेंरी डहरदेखि मणिदिप सडक स्तरोन्नती
ठेगानाः पोखरा-१३, आर्वा
योजना सम्झौता मितिः २०८१/१०/०३ गते
योजना शुरु हुने मितिः २०८१/१०/०४ गते
योजना सम्पन्न भएको मितिः २०८२/०१/३० गते
योजनाको कुल लागतः रु.२३,५२,९४१।-
महानगरपालिकाबाटः रु. २०,००,०००।-
जनसहभागिताबाटः रु.३,५२,९४१।-
अध्यक्षः राजेन्द्र प्रसाद बराल
निर्माण समिति सदस्य संख्याः ७
महिलाः २, पुरुषः ५

**अधेंरी डहरदेखि मणिदिप सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-१३, आर्वा**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नम्बर-११ चतुरे विकको घरदेखि मड्केली पोखरीसम्मको सडक स्तरोन्नती योजनामा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

योजनाको नामः चतुरे विकको घरदेखि मड्कलीसम्मको सडक स्तरोन्नती, पोखरा ११ काहुँ
योजनाको कूल लागत : रु. ५,८९,०००।-
सम्झौता मिति : २०८१/११/२
योजना शुरु मिति : २०८१/११/५
योजना सम्पन्न मिति : २०८१/३/२
महानगरबाट प्राप्त हुनुपर्ने रकम : रु ५,००,०००।-
उपभोक्ता समितिबाट : रु ८९,०००।-
जम्मा खर्च : रु ५,८९,०००।-
उपभोक्ता समितिको अध्यक्ष : तेजबहादुर केसी
उपाध्यक्ष : डीलबहादुर केसी सचिव : सुवासचन्द्र बास्तोला
कोषाध्यक्ष : सावित्री बास्तोला सदस्यहरु : पुष्पराज बास्तोला, हरिप्रसाद बराल, गोविन्द प्रसाद आचार्य

**चतुरे विकको घरदेखि मड्कलीसम्मको सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-११, काहुँ**